# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं.: २०७७/०७८ | १ नं. प्रदेश(नेपाल)

च. नं.: ४०१३ | मितिः २०७८/०२/०६

**विषय:** माग फारम तथा अन्य कागजातहरु पेश गर्ने सम्वन्धमा ।

श्री सामुदायिक विद्यालयहरु (सबै),
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तरगत सञ्चालित सम्पुर्ण सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक, वालविकास केन्द्र सहयोगी तथा विद्यालय कर्मचारीहरुको चालू आ.व २०७७/०७८ को तेस्रो चौमासिकको तलबि माग फारम मिति २०७८/०२/२० गतेभित्र यस कार्यालयको शिक्षा शाखामा पेश गर्नहुन अनुरोध छ । साथै विद्यालय सुधार योजना, आर्थिक/सामाजिक लेखापरीक्षण प्रतिवेदन,दिवा खाजाको भर्पाइ लगायतका यस कार्यालयमा पेश गर्न बाँकि कागजातहरु उक्त समयावधिभित्र पेश गर्नहुन अनुरोध गर्दै तोकिएको समयावधिभित्र कागजात उपलब्ध नगराउने विद्यालयहरुलाइ रकम निकासा गर्न नसकिने व्यहोरा जानकारी गराइन्छ।

२०७८/०२/०६
प्रवीण कोइराला
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०३७-५२०२१३ E-mail:siddhicharanmunicipality@gmail.com Website:siddhicharanmun.gov.np
:edusiddhicharan@gmail.com

# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं.: २०७७/०७८ — १ नं. प्रदेश(नेपाल)

च. नं.: 4098 — मितिः २०७८/०२/०६

**विषयः** कक्षा ८ को IEMIS Template अध्यावधिक गर्ने सम्वन्धमा ।

श्री सम्पूर्ण विद्यालयहरु ,
(सामुदायिक तथा संस्थागत)
सिद्धिचरण नगरपालिका, ओखलढुंगा।

प्रस्तुत विषयमा यस नगरक्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कोभिड -१९ को संक्रमण विस्तारको सम्भावनालाई मध्येनजर गरी यस नगरक्षेत्रका सबै (सामुदायिक र संस्थागत) विद्यालयहरुको कक्षा ९ सम्मको परीक्षा मिति २०७८/०१/२० गते सम्पन्न भइसकेको व्यहोरा विदितै छ। तत् सम्बन्धमा नगरस्तरीय परीक्षा (कक्षा ८ ) को लब्धाङ्क विवरण (Mark Ledger) IEMIS मा अपलोड गर्नुपर्ने प्रावधान रहेको हुँदा कक्षा ८ सञ्चालित सम्पूर्ण विद्यालयहरुले आ-आफ्नो विद्यालयको User ID बाट कक्षा ८ को IEMIS Template डाउनलोड गरी मिति २०७८/०२/२५ गते भित्र विवरण भरी IEMIS मा अध्यावधिक गर्नहुन अनुरोध छ।

२०७८/०२/०६
प्रवीण कोइराला
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०३७-५२०२१३ E-mail:siddhicharanmunicipality@gmail.com Website:siddhicharanmun.gov.np
:edusiddhicharan@gmail.com